सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १५८ ♦ २०८० साल फागुन १६ गते बुधवार ♦ 28 Feb 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## जनकपुरबाट अपहरणमा परेका एक वर्षीय बालकको सकुशल उद्धार



**खबर दर्पण समाचारदाता**

**फागुन १५ गते, महेन्द्रनगर**

धनुषाको जनकपुरधामबाट अपहरणमा परेका एक बालकको प्रहरीले सकुशल उद्दार गरेको छ ।

जनपुरधाम उपमहानगरपालिका २३ बाट अपरहणमा परेका २८ वर्षीय रुपेशकुमार झाको छोरा एक वर्षीय रुद्धाआंश झालाई प्रहरीले अपहरण मुक्त गरेको हो ।

प्रहरीले ती बालकलाई महोत्तरीको लोहारपट्टी नगर पालिका ३ स्थित बिभादेवी मण्डलको साथबाट उद्दार गरेको धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवाले जानकारी दिए ।

स्थानीय दिपक झाको घरमा डेरा गरी बस्ने उनी घरमै खेलिरहेका समय गत फागुन १२ गते साँझदेखि बेपत्ता भएका थिए । बिभादेवी मण्डल जनकपुरधाम उपमहानगरपालिका २४ मा बस्दै आएकी थिइन् । उनैले बालकको अपहरण गरेको स्थानीयले बताएपछि खोजी गर्ने क्रममा प्रहरीले सँगै फेला पारेको हो ।

मण्डलविरुद्ध अपहरण तथा शरीर बन्धक शीर्षकमा मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाएको डिएसपी अवाले बताए ।

## लोसपा मधेशका १४ अगुवा नेताद्धारा पार्टी परित्यागको घोषणा

**खबर दर्पण समाचारदाता**

**फागुन १५ गते, महेन्द्रनगर**

लोसपाका धनुषा तथा मधेश प्रदेशका अगुवा नेताहरुद्वारा पार्टी परित्यागको घोषणा गरेका छन् ।

समाजिक सञ्जालमा एक विज्ञप्ती जारी गर्दै १४ जना नेताहरुले लोसपा सहि तरिकाबाट चल्न नसकेको र नेतृत्व प्रभावकारी नभएको भन्दै केन्द्रिय देखि जिल्ला तहका गरि १४ जना नेताहरुले हस्ताक्षर गरि सामुहिक रुपमा पार्टी परित्यागको घोषणा गरेको हो ।

पार्टी परित्याग गरेकाहरुमा र मण पाण्डे, संजय कुमार सिंह, संजय कुमार चौधरी, कामेश्वर झा सहित १४ जना छन् ।

## गाडीको ठक्करबाट सर्लाहीमा दुई युवाको ज्यान गयो

**खबर दर्पण समाचारदाता**

**फागुन १५ गते, सर्लाही**

गाडीले मोटरसाइकललाई ठक्करदिदा सर्लाहीमा दुई युवाको मृत्यु भएको छ ।

हुलाकी सडक अन्तर्गत कौडेनामा गएराति भएको दुर्घटनामा रौतहटका १९ वर्षिय अजय महतो र २३ वर्षिय शियानन्द महतोको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका दुवैलाई उपचारका लागि लैजाने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

विपरीत दिशामा रहेको मोटर साइकललाई भारतीय नम्बर प्लेटको स्कारपियोले ठक्कर दिएको थियो । प्रहरीले ठक्कर दिने स्कारपियो नियन्त्रणमा लिएको छ । चालक भने फरार छन् ।

**सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।**

**वर्दिवास नगरपालिका, महोन्तरी**

## विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर

पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्वारा गरिने छात्रवृति लागि वर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

तपसील

**श्री बर्दिवास जनता बहुमुखी क्याम्पस , विनायक होटल**

**सिट संख्या : २ जना (स्नातक तह)**

**फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म**

**सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५**

**श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान**

वर्दिवास, महोत्तरी


सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५

**सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।**

# शिरीष अफसेट प्रेस

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प




- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

**सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२**

# जलेश्वर कारागारमा क्षमता भन्दा बढी कैदीबन्दी



**खबर दर्पण समाचारदाता**
**फागुन १५ गते, महोत्तरी**

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरस्थित कारागारमा क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी राखिएका छन्। जलेश्वर नगरपालिकाको वडा नं १ स्थित सो कारागारमा दुई सय कैदीबन्दी राख्ने क्षमता भएपनि छ सय दुई राखिएका छन्।

जलेश्वर कारागार कार्यालय महोत्तरीका प्रवक्ता रवीनचन्द्र ठाकुरले कारागारभित्रका कैदीबन्दीमा विभिन्न समस्या उत्पन्न हुन थालेको बताउनुभएको छ।

विसं १९१३ मा एक बिघा क्षेत्रफलमा निर्माण भएको दशकौं पुराना सो कारागारको भौतिक संरचना पनि जीर्ण बनेको जानकारी दिनुभयो । उहाँका अनुसार कारागारमा हाल ३८ विदेशी (भारतीय)सहित छ सय दुई कैदीबन्दी बस्दै आउनुभएको छ।

लामो समयदेखि मर्मतसम्भार नहुँदा कारागारमा वर्षाका समयमा पानी चुहिने, गर्मीको समयमा अत्यधिक गर्मी हुने र जाडोको बेला अत्यधिक जाडो भएर कैदीबन्दीको बसाइ कष्टकर हुने गरेको जनाउनुभयो । अहिले कैदीबन्दीलाई सुत्ने, बस्ने, खाने तथा शौचालय र पानीको समेत समस्या हुन थालेको चौकीदार चनरदीप यादवले बताउनुभयो ।

कैदीबन्दीका लागि कारागारभित्र केवल २४ कोठा, १५ शौचालय, सात ह्याण्डपाइप ( कल) र ६ धारामात्रै छन्। यसले कैदीबन्दीको दैनिक जीवनलाई प्रभावित बनाएको छ।

कोठा अभावमा कठ्याङ्ग्रिँदो जाडोमा धेरै कैदीबन्दीलाई बाहिर सुत्नुपर्ने , शौचालय जान पालो कुर्नुपर्ने, नुहाउन र पानी लिनका लागि लाइनमा बस्नुपर्ने तथा खुला आकाशमुनि खाना खानुपर्ने बाध्यता रहेको चौकीदार यादवले बताउनुभयो ।

यादवले भन्नु भयो,कारागारमा २० गम्भीर प्रकृतिका बिरामी र अन्य विभिन्न स्वास्थ्य समस्या भएका कैदीबन्दी ठाउँ अभावका कारण सँगै खान, बस्न, सुत्न बाध्य छन्।

सहरी विकास तथा भवन निर्माण विभागले जलेश्वर कारागार कैदीबन्दी बस्न अयोग्य भएको प्रतिवेदन नै बुझाएको बताइएको छ। जीर्ण भौतिक संरचना, क्षमताभन्दा बढी कैदीबन्दीको चाप, स्वास्थ्य खाद्यान्न तथा पानी आपूर्तिको अभाव, नियमित र स्तरीय स्वास्थ्य जाँचको अभाव, खेलकुद तथा मनोरञ्जनको अभावजस्ता समस्याका कारण विभिन्न रोगको समस्या बढ्दै गएको कारागार सुधारसम्बन्धी विगतमा गठित विभिन्न समितिको प्रतिवेदनमा उल्लेख छ। कारागार ऐन, २०१९ मा रोगी, थुनुवा वा कैदीलाई छुट्याई छुट्टै राख्नुपर्ने, पागल वा अर्धपागल थुनुवा वा कैदीलाई छुट्याई छुट्टै राख्नुपर्ने व्यवस्था रहेको छ।

# जनमतको अवरोधले मधेश प्रदेशसभा बैठक स्थगित

**खबर दर्पण समाचारदाता**
**फागुन १५ गते, बर्दिबास**

मधेश प्रदेश सभाको १० दिनपछि बसेको बैठकमा जनमत पार्टीले अवरोध गरेपछि बैठक स्थगित भएको छ । कृषि विश्वविद्यालयको भवन शिलान्यास कार्यक्रममा मुख्यमन्त्री सरोजकुमार यादवकै उपस्थितिमा जनमत पार्टीका मन्त्री र सांसदमाथि आक्रमण गरिएको भन्दै छानबिन समिति गठनको माग गर्दै प्रदेश सभाको बैठकमा अवरोध गरिएको हो । मंगलबार बसेको बैठकको प्रारम्भमै जनमत पार्टीका सांसदहरुले घटनाको उच्चस्तरीय छानबिन समिति गठन नभएपछि बैठक चल्न नदिने अडान राखेका थिए । जनमत पार्टीका प्रवक्ता एवं प्रदेश सांसद चन्दन सिंहले गत माघ ८ गते सप्तरीको राजविराजमा कृषि विश्वविद्यालयको शिलान्यास कार्यक्रममा आफ्ना दलका मन्त्री र सांसदमाथि सुनुयोजित तरिकाले आक्रमण गरिएको आरोप लगाए । पछि दलीय सहमति गरेर छानबिन समिति बनाउने भन्दै सभामुख रामचन्द्र मण्डलले बैठक चलाउन खोजेपछि जनमतका सांसदहरुले रोस्ट्रम घेराउ गर्दै नाराबाजी गर्न थाले ।

'कृषि विश्वविद्यालयको शिलान्यास कार्यक्रममा जनमतका मन्त्री र सांसदहरुलाई मुख्यमन्त्रीकै उपस्थितिमा कुटपिट गरियो,' जनमत पार्टीका प्रवक्ता सिंहले प्रदेशसभा बैठकमा भने, 'त्यो घटनाको छानबिनका लागि सभामुखकै नेतृत्वमा छानबिन समिति गठन गर्ने दलीय सहमति भएको थियो। समिति किन गठन भएन ? नहुँदासम्म हामी बैठक चल्न दिँदैनौं ।'

सभामुख मण्डलले दलहरुको बैठक राखेर छानबिन समिति गठन गर्न पहल गर्ने आश्वासन दिए पनि जनमत पार्टीका सांसदहरुले रोस्ट्रम घेराउ गर्दै नाराबाजी गरेपछि प्रदेशसभाको बैठक स्थगित गरिएको हो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष-** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन-** समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाइट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विद्यार्थीको क्षमता देखाउने थलो बन्दै ए.एफ.यु.मेला





**खबर दर्पण समाचारदाता**

**फागुन १५ गते, महोत्तरी**

जलेश्वर नगरपालिकाको वडा नं. ४ मा रहेको शुकदेव माध्यमिक विद्यालयको प्राविधिक शिक्षालय तर्फका विद्यार्थीहरूले यसक्षेत्रमा निर्माण गर्न सकिने विभिन्न परियोजनाहरूलाई प्रोजेक्टको रूपमा प्रस्तुत गरेका छन् ।

कक्षा ९ देखि प्राविधिकतर्फ सिभिलको अध्ययन हुने यस विद्यालयका विद्यार्थीहरूले आफ्नो क्षमता देखाउने उद्देश्यले गाउँ घरमा फालिएका सामग्रीहरू बटुलेर यसक्षेत्रमा निर्माण गर्न सकिने परियोजनाहरूको प्रस्तुतीकरण गरेको हो । प्रस्तुतीकरणमा अन्य विद्यार्थीहरूले पनि आफ्नो कला प्रदर्शन गरेका थिए । सो प्रस्तुतीकरणमा कक्षा १० मा अध्ययनरत छात्रहरूले यसक्षेत्रमा एप्रोच पुलको आवश्यकता सहितको डेमो बनाएर प्रस्तुतीकरण गरेपछि अभिभावकहरूको ध्यान तानेको थियो ।

विद्यालयका छात्रहरू विवेक महतो, रवीन्द्रनाथ झा, राहुल राम, सुरज साफी तथा विकास कापरले 'रोटिँग ब्रिज' को डेमो बनाएर यस क्षेत्रमा यो पुलको आवश्यकता र औचित्यलाई पुष्टि गरेका थिए । महोत्तरीको भंगहादेखि भारतको जयनगर सम्म जाने रेल्वे मार्गमा पर्ने पुल, पुलेसा तथा विभिन्न अवैध बाटोहरू (लेभल क्रसिँग गेट नहुनु) मा यो पुल निर्माणले सहजता आउन सक्ने विद्यार्थीहरूको भनाइ थियो । हाइड्रोलिक पुलको रूपमा रहेको यो पुललाई आवश्यकता अनुसार रेल्वेको लिक तथा सडक दुवै ठाउँमा राख्न सकिने डेमो बनाउनु भएका छात्र विवेक महतोले जिज्ञासा राख्नु भएका शिक्षक, अभिभावक तथा आगन्तुकहरूलाई बताउनुभयो । उहाँले यस्तो पुल बनाउन खर्चिलो देखिएपनि एउटै पुलबाट रेल्वे लाइन तथा मोटर हरू समेत चल्न सक्ने र दुर्घटना समेत न्यूनीकरण गर्न सहयोग हुने विद्यार्थीहरूको भनाइ थियो ।

त्यसैगरी सो विद्यालयका कक्षा ९ र १० मा मा अध्ययनरत विद्यार्थीहरूले यस क्षेत्रमा भूकम्प प्रतिरोधी घरहरू तथा हरियालीयुक्त घरहरू निर्माणको आवश्यकतालाई महसुस गर्नुहुँदै सो को प्रोजेक्ट वर्क बनाएर प्रस्तुतीकरण गर्नुभएको थियो । रत्यौली युवा क्लब महोत्तरीले आयोजना गरेको समुन्नति बालबालिकाको लागि हाम्रो ए.एफ.यु.मेला २०२४ को अवसरमा सो विद्यालयका विद्यार्थीहरूले विद्यालयमा सिकेका कुराहरूलाई प्रोजेक्टको रूपमा प्रस्तुत गरेका थिए । विद्यालयका छात्राहरूले मिथिला कलाको रूपमा रहेको विभिन्न चित्रहरू बनाएर प्रदर्शनी समेत गरेका थिए । क्लबले जलेश्वर नगरपालिकाको २८ वटा विद्यालयमा यस्तो कार्यक्रम गरेर विद्यार्थीहरूमा रहेको क्षमतालाई बाहिर देखाउने मञ्च बनाउने जनाएको छ ।

विद्यालयका प्रधानाध्यापक कृष्णचन्द्र चौधरीले अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यार्थीहरूले सिकेका कला र क्षमतालाई अभिभावकहरूलाई देखाउने मेलाको रूपमा आयोजना भएकोमा खुसी व्यक्त गर्नुहुँदै यस्तो मेलाले विद्यार्थीहरूलाई आफ्नो क्षमता देखाउन सहयोग पुग्ने बताउनुभयो ।

विद्यार्थीहरूको प्रोजेक्ट वर्क हेर्न जलेश्वर नगरपालिकाका जनप्रतिनिधिहरू, रत्यौली युवा क्लबका पदाधिकारीहरू, समुन्नति कार्यक्रमको स्पोन्सर कोर्डिनेटर अर्जुन थापा मगर तथा शिक्षा कोर्डिनेटर देवेन्द्र प्रसाद यादवसहित महोत्तरीका सञ्चार कर्मीहरूको उपस्थिति थियो । क्लबका सामाजिक परिचालक मनोज कुमार साहले विद्यालयमा उपस्थित भएका सम्पूर्ण विद्यार्थीहरूलाई कक्षा अनुसार विभिन्न प्रतियोगिताहरू आयोजना गरिनुका साथसाथै सबैलाई उपहार समेत वितरण गरिएको बताउनुभयो । उहाँले विद्यार्थीहरूलाई आफ्नो कला देखाउने माध्यम मेला भएको भएकोले विद्यार्थीहरू खुसी साथ कला प्रदर्शन गरेका थिए ।

*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं ।*
*कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं*

**जलेश्वर नगरपालिका, महोत्तरी**

**सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**नगराईन नगरपालिका, धनुषा**

**सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

**विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं**

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र बिद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र बिद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- बिद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- बिद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं।

**मिथिला नगरपालिका, धनुषा**

# मधेश प्रदेशका कृषि मन्त्रालयका कर्मचारीले डिडिसिमा थन्केको १ लाखको घ्यु किन्ने

**खबर दर्पण समाचारदाता**

**फागुन १५ गते, महेन्द्रनगर**

नेपालका किसानले उत्पादन गरेको दूध तथा दूधजन्य पदार्थको बिक्री तथा भुक्तानीमा भएको बेलामा मधेश प्रदेशका भूमि व्यवस्था तथा कृषि मन्त्रालयका कर्मचारीहरूले दुग्ध विकास संस्थानसँग थन्केर रहेको १ लाखको घ्यु किन्ने भएको छ।




'दूधको बजारीकरणमा देखिएको समस्या समाधानको लागि हातेमालो गरौँ' भन्ने नाराका साथ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री, मधेश प्रदेशका कृषि सचिव लगायत कर्मचारीले आज एक लाख मूल्य बराबरको दूध तथा दुग्ध पदार्थ खरिद गरेको मन्त्रालयका सचिव डा. शरण कुमार पाण्डेले जानकारी दिनु भएको छ।

पहिलो चरणमा प्रदेश मन्त्रालयका कर्मचारीले आज एक क्विन्टल घ्यु खरिद गरेको छ। मधेस प्रदेशले दूध तथा दुग्धजन्य पदार्थको खपत बढाउन तथा बजारको अर्थतन्त्रलाई चलायमान बनाउनका लागि मधेश प्रदेशको भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र मन्त्रालय मातहतमा कार्यरत कर्मचारीहरूले मासिक तलबबाट अनिवार्य दुग्धजन्य पदार्थ खरिद गर्नु पर्ने निर्णय गरेको कृषि सचिव डा. पाण्डेले जानकारी दिनु भयो।

प्रदेशभित्र उत्पादित दूध तथा दुग्धजन्य पदार्थ घ्यु/बटरको बिक्री वितरणमा समस्या भएपछि भूमि व्यवस्था तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेको अध्यक्षतामा मंगलवार बसेको बैठकले यस्तो निर्णय गरेको मन्त्रालयले जानकारी दिएको छ।

हाललाई डिडिसीको जनकपुर दुग्ध वितरण आयोजना ढल्केवरबाट उत्पादित घ्यू, बटरको खपत बढाउनका लागि प्रदेशका पदाधिकारी र कर्मचारीहरूले मासिक तलबबाट १० दिन दूध खरिद गर्नुपर्ने व्यवस्था सहितको निर्णय गरेको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र धनुषाका प्रमुख वरिष्ठ पशु चिकित्सक डा.सञ्जीव ठाकुरले जानकारी दिनु भयो।

मन्त्रालयले गरेको निर्णय अनुसार डिडिसिको घ्यु तथा वट्टर भूमि व्यवस्था तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेले मासिक तलबबाट ५ दिनको पारिश्रमिक खर्च गर्ने भएका छन्। त्यसैगरी, प्रदेश सचिवले ३ दिन, नौ, दशौं र एघारौं तहका अधिकृतहरूले दुई दिन र अधिकृतभन्दा तलका कर्मचारीले एक दिनको पारिश्रमिकबाट दूध खरिदमा खर्चिनु निर्णय मन्त्रालयले गरेको छ।

मधेश प्रदेशको ढल्केवरमा रहेको डिडिसिको दुग्ध विकास आयोजनामा मात्र ४ हजार किलो घ्यु थन्केको छ। यसै गरि किसानसँग आयोजनाले खरिद गरेको दुग्धको २ करोड भुक्तानी गर्न बाँकी रहेको छ।

# निजगढ वर्कसप विस्फोट : थप दुईको मृत्यु

**खबर दर्पण समाचारदाता**

**फागुन १५ गते, बारा**

बाराको निजगढ नगरपालिका-७ मा सोमबार शङ्कास्पद वस्तु विस्फोट हुँदा थप दुई जनाको मृत्यु भएको छ। योसँगै मृत्यु हुनेको सङ्ख्या तीन पुगेको छ।

घटनामा गम्भीर घाइते भएकामध्ये वीरगञ्ज महानगरपालिका-९ बस्ने २० वर्षीय रितु रजत र भारतको मोतिहारी जिल्ला ढाकाथाना गवाई गाउँ बस्ने ३५ वर्षीय राकेश जयसवालको मृत्यु भएको छ।

वीरगञ्जस्थित नेपाल मेडिसिटी वयोधा अस्पतालमा उपचारको क्रममा रजतको सोमबार राति पौने १० बजे र जयसवालको मङ्गलबार बिहान ७:३० बजे मृत्यु भएको हो।

निजगढ नगरपालिका-७ मा रहेका रोहित वर्कसपका सञ्चालक ४५ वर्षीय रेशम मगरको सोही अस्पतालमा उपचारको क्रममा सोमबार दिउँसो मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक सुरेशप्रसाद काफ्लेले बताउनुभयो।

यसैगरी, गम्भीर घाइते भारतको रामगढवा बस्ने २० वर्षीय अरविन साहको आईसियू कक्षमा उपचार भइरहेको छ भने वीरगञ्ज महानगरपालिका-९ बस्ने ३४ वर्षीय फिरोज देवान र निजगढ नगर पालिका-५ बस्ने ४५ वर्षीय सूर्यबहादुर थापाको सामुदायिक अस्पताल निजगढमा उपचार भइरहेको बारा प्रहरीले जनाएको छ।

आईसियूमा उपचाररत साहको अवस्था गम्भीर छ भने देवान र थापाको अवस्था सामान्य रहेको प्रहरी नायब उपरीक्षक दधिराम न्यौपाने बताउनुभयो।

सो घटनामा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। सोमबार दिउँसो १२ बजे (हाई एक्सफ्लोसिप) शङ्कास्पद वस्तु ग्यासले काट्ने क्रममा विस्फोट हुँदा भएको घटनाको अनुसन्धानका क्रममा कवाडी खरिद गर्ने भारत मोतिहारी जिल्ला बस्ने अन्दाजी ४० वर्षीय राज भनिने रमेश जैसवाल र कवाडी बिक्री गर्ने निजगढ नगरपालिका-९ बस्ने २९ वर्षीय टीकाराम पाखिनलाई पक्राउ गरिएको हो। डिएसपी न्यौपानेका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ।

सडक हामी सबैको साँझा सम्पती हो। सडक सिमा अतिक्रमण नगरौं।
सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं।
निर्माण सामाग्री थुपार्ने ढल निकासक गर्ने जस्ता कार्यहरु नगरौं। सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं।

**औरही नगरपालिका, महोत्तरी**

**विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं**

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र बिद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सुवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र बिद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- बिद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- बिद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं।

**विदेह नगरपालिका, धनुषा**

**सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं।

**एकडारा गाउँपालिका, महोत्तरी**

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं।

**मनरा सिस्वा नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा